# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय

## भुक्तानी प्रणाली विभाग

पत्र संख्याःभु.प्र.वि./नीति/परिपत्र/१/०७४/०७५ मितिः-२०७४/०५/१६

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ कार्यालय लगायत उपत्यका बाहिरस्थित कार्यालय एवं यस विभागबाट भुक्तानी सम्बन्धी कार्य गर्न अनुमति लिएका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक संस्था/संयन्त्रहरुलाई जारी गरिएको अ.प्रा.निर्देशन नं.१/०७३ को बुँदा नं.(४) को खण्ड (ङ) मा रहेको व्यवस्था देहाए बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्न गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा १०३ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

*(ङ) : विद्युतीय भुक्तानी कार्ड जारी गर्दा यस्ता कार्डहरुमा अन्तर्राष्ट्रिय रुपमै स्वीकार्य र प्रचलनमा रहेका सुरक्षात्मक उपाय र विशेषताहरु अनिवार्य रुपमा राख्नु पर्नेछ ।*

*साथै, अ.प्रा. निर्देशन नं.१/०७३ मिति २०७३/१०/१७ को बुँदा नं.(४) को खण्ड (ङ) मा रहेको व्यवस्था बमोजिम यस विभागबाट अनुमति लिएका इजाजतपत्रप्रात कुनै बैंक तथा वित्तीय संस्था, भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक संस्था/संयन्त्रले फोटो सहितको कार्ड छपाई गरेको वा सोको प्रकृया अगाडि बढाएको भए त्यस्तो कार्ड समेत प्रयोग गर्न बाधा परेको मानिने छैन् ।*

भवदीय,

२०७४।५।१६

(डा.शंकरप्रसाद आचार्य)

कार्यकारी निर्देशक

बोधार्थः-

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग
९. श्री नेपाल बैंकर्स संघ, काठमाण्डौ ।
१०. श्री नेपाल डेभलपमेन्ट बैंकर्स संघ, अनामनगर काठमाण्डौ ।
११. श्री नेपाल वित्तीय संस्था संघ, काठमाण्डौ ।
१२. श्री भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायक संस्था/संयन्त्रहरु ।